# प्रेस विज्ञप्ती

कार्तिक ४, २०७९

## सिद्धार्थ बैंकको रु. ४०० क्यासब्याक योजना

सिद्धार्थ बैंक लिमिटेडले तिहारको शुभ अवसर पारी ग्राहक महानुभावहरुलाई लक्षित गर्दै डिजिटल बैंकिङ्गलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ ***रु.४०० क्यासब्याक योजना*** ल्याएको छ ।

यस योजना अन्तर्गत ग्राहक महानुभावहरुले बैंकको डेबिट कार्ड प्रयोग गरी पहिलो पटक रु. ५०० वा सो भन्दा बढि रकमको पिओएस् अथवा अनलाइन कारोबार गर्दा रु. ४०० क्यासब्याक पाउन सक्नुहुनेछ ।

(विस्तृत जानकारी तथा शर्तहरू बैंकको वेबसाइट https://www.siddharthabank.com/others/tihar-offer मा प्राप्त गर्न सक्नुहुनेछ ।)

यस योजनाले नगद भुक्तानी बाट डिजिटल भुक्तानी तर्फ आकर्षित गर्ने विश्वास बैंकले लिएको छ । आफ्ना ग्राहकहरूको सुविधालाई मध्यनजर गर्दै बैंकले विभिन्न छुट तथा क्यासब्याक योजना दिंदै आएको र आगामी दिनहरुमा पनि यस्ता योजनाहरु निरन्तर लागु गर्दै जाने बैंकको योजना रहेको छ ।

सबैक्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुऱ्याउने उद्देश्यले बैंकले हाल देशभर १९३ वटा शाखा (४ एक्स्टेन्सन् काउन्टर सहित), ११८ शाखारहित बैंकिङ्ग सेवा, १,७०० भन्दा बढी पिओएस् मेसिन र २०,००० भन्दा बढी QR मर्चेन्ट मार्फत उच्चस्तरीय एवं प्रविधिमैत्री बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ । साथै, बैंकले आफ्नो सेवा सञ्चालनमा डिजिटल माध्यमलाई अधिकतम महत्व दिंदै सुरक्षित तरिकाले अनलाईनबाटै बचत, मुद्दती र डिम्याट खाता खोल्न सकिने, डेबिट र क्रेडिट कार्डका लागि आवेदन दिन सकिने जस्ता विभिन्न डिजिटल बैंकिङ्ग सुविधाहरु आफ्नो वेबसाइटमा रहेको EasyBank Portal मार्फत समेत प्रदान गर्दै आएको छ ।